# पिपल्स इनर्जी लि. को तेस्रो र चौथो वार्षिक साधारण सभा २०७७

पिपल्स इनर्जी लि.को तेस्रो र चौथो वार्षिक साधारण सभा कम्पनीका कार्यकारी अध्यक्ष श्री कृष्ण प्रसाद आचार्यज्युको सभापतित्वमा बसी निम्नानुसारका निर्णयहरु गरियो :

स्थान:नयाँबानेश्वर, काठमाडौं ।
मिति: २०७७।०९।२८गते ।
समय:दिनको ११:०० बजे ।

उपस्थिति

| | | |
|---|---|---|
| १ | श्री कृष्ण प्रसाद आचार्य | कार्यकारी अध्यक्ष शेयरधनी |
| २ | श्री विन्ध्यवासीनि हाइड्रोपावर डेभेलपमेण्ट कं.लि (प्रतिनिधी:श्री भरत बहादुर पाण्डे) | सञ्चालक शेयरधनी |
| ३ | श्री सिड इन्फ्रा प्रा.लि.(प्रतिनिधी:श्री सन्दिप आचार्य) | सञ्चालक शेयरधनी |
| ४ | श्री नेण्डेल इन्भेष्टमेण्ट प्रा.लि. (प्रतिनिधी:श्री अनिल घिसिङ) | सञ्चालक शेयरधनी |
| ५ | श्री डाँफे इन्भेष्टमेण्ट प्रा.लि. (प्रतिनिधी श्री टंकलाल घिसिङ) | सञ्चालक शेयरधनी |
| ६ | श्री देव बहादुर पौडेल क्षेत्री | सञ्चालक शेयरधनी |
| ७ | श्री अर्जुन कुमार कार्की | सञ्चालक शेयरधनी |
| ८ | श्री कुन्ती कुमारी पाठक मैनाली | सञ्चालक शेयरधनी |
| ९ | श्री जनार्दन अर्याल | कम्पनी सचिव शेयरधनी |
| १० | श्री दिलसुन्दर श्रेष्ठ | शेयरधनी |
| ११ | श्री बालकृष्ण गिरी | शेयरधनी |
| १२ | श्री विष्णुहरि शर्मा सुवेदी | शेयरधनी |
| १३ | श्री ऋषिराम पौडेल | शेयरधनी |
| १४ | श्री विकास गौचन | शेयरधनी |

Peoples Energy Limited
Nepal

| | | | |
|---|---|---|---|
| १५ | इ. महेन्द्र बहादुर कार्की | शेयरधनी | |
| १६ | श्री बिमला के.सी. | शेयरधनी | |
| १७ | प्रा.डा.हरि प्रसाद पण्डित | शेयरधनी | |
| १८ | डा. लक्ष्मण पौडेल | शेयरधनी | |
| १९ | श्री भरत बहादुर पाण्डे | शेयरधनी | |
| २० | श्री सोम प्रकाश प्रसाई | शेयरधनी | |
| २१ | श्री मनिष कुमार जोशी | शेयरधनी | ZOOM |
| २२ | श्री श्याम प्रसाद श्रेष्ठ | शेयरधनी | |
| २३ | इ. मोहनराज पन्त | शेयरधनी | |
| २४ | श्री प्रोणप्रताप के.सी. | शेयरधनी | |
| २५ | श्री शान्ति प्रसाद पौडेल | शेयरधनी | |
| २६ | श्री मिलन थापा | शेयरधनी | ZOOM |
| २७ | विष्णु बहादुर के.सी | शेयरधनी | |
| २८ | श्री आङ्गटावा शेर्पा | शेयरधनी | |
| २९ | श्री मालिकादेवी इन्भेष्टमेण्ट कं. प्रा.लि. (प्रतिनिधीःश्री टिकाराम जैसी) | शेयरधनी | |
| ३० | श्री इमारत कन्स्ट्रक्शन प्रा.लि. (प्रतिनिधीःश्री प्रेम कुमार कार्की) | शेयरधनी | |
| ३१ | श्री राम हरि शर्मा. | आयोजना प्रमुख | |

Peoples Energy Limited Nepal

**बैधानिकता :**

आजको सभा मिति २०७७।०९।०५ को संचालक समितिको निर्णयानुसार कारोवार राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित सूचना बमोजिम बोलाइएको र आवश्यक गणपुरक संख्या समेत पुगेको देखिएकोले कम्पनीको सभा बैध ठहराइ पूर्व सूचित निम्न प्रस्ताव उपर छलफल प्रारम्भ गरियो ।

गणपुरक संख्या:

शेयर संख्याको ८४.९२ प्रतिशत ।

शेयरधनी : ......२१.... जना ।

साधारण सभाको बिषयसूचि

(१) संचालक समितिको आ.व. २०७५ ०७६ र आ.व.२०७६ ०७७ प्रतिवेदनमा छलफल गरी स्वीकृत गर्ने ।

(२) आ.व.२०७६ ०७७ को लागि सञ्चालक समितिले लेखापरीक्षकको नियुक्ति गरेकोलाइ निर्णयलाइ समर्थन गर्ने ।

(३) कम्पनीको आ.व. २०७५ ०७६ र आ.व.२०७६ ०७७ को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय बिवरण छलफल गरी स्वीकृत गर्ने ।

(४) आ.व. २०७७ ०७८ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र पारीश्रमिक तोक्ने ।

(५) आ.व. २०७५ ०७६ र आ.व.२०७६ ०७७ मा सञ्चालक समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने

(६) कम्पनीको नयाँ सञ्चालक समितिको गठन गर्ने ।

(७) बिबिध ।

(क) माइन्युट प्रमाणित गर्नको लागि शेयरधनीको तर्फबाट प्रतिनिधि तोक्ने ।

(ख) सञ्चालक समितिलाई अख्तियारी दिने ।

**निर्णयहरु :**

१: प्रस्ताव नं. (१) माथि छलफल हुंदा, संचालक समितिको तर्फबाट प्रस्तुत समितिको आ.व.२०७५ ०७६ र आ.व.२०७६ ०७७ को संचालक समितिले तयार गरेको तपसील बमोजिमको वार्षिक प्रतिवेदन कम्पनीका कार्यकारी अध्यक्ष एवम् सभाका सभापति श्री कृष्ण प्रसाद आचार्यज्यूले सभामा पढेर सुनाउनु भयो । सो प्रतिवेदनमा उल्लेखित बुंदाहरुमा सामान्य छलफल पश्चात उठेका प्रश्नहरुको कार्यकारी अध्यक्षज्यूले सन्तोषप्रद उत्तर दिनु भएकोले प्रस्तुत प्रतिवेदन स्वीकृत गरियो ।

तपसील:

Peoples Energy Limited Nepal

- कम्पनीको आ.व.२०७५।०७६ को वार्षिक साधारण सभा मिति २०७६।१२।१४ का दिन सञ्चालनका लागि कम्पनीको नियमानुसार तयार गर्नपर्ने सम्पूर्ण कागजातहरु तयार गरिएको अवस्थामा विश्वव्यापी महामारीको रुपमा फैलिएको नोभल कोरोना भाइरस (कोभिड -१९)ले गर्दा नेपाल सरकारद्वारा २०७६।१२।११ देखि नै देशभर लकडाउन गर्ने घोषणा गरेको कारण उल्लेखित मितिमा हामीले उक्त आ.व. २०७५/०७६ को वार्षिक साधारण सभा सञ्चालन गर्न नसकिएको साथै हालसम्म पनि कोरोना कहरको त्रास रहिरहेको अवस्थामा सबै शेयरधनीहरु भौतिक रुपमा नै उपस्थित भई वार्षिक साधारण सभा सम्पन्न गर्न असहज हुने हुँदा भौतिक रुपमा उपस्थित हुन नसक्नु भएका शेयरधनीहरु भर्चुअल रुपमा सहभागी रही कम्पनीको गत दुवै आ.व. (आ.व.२०७५/०७६ र आ.व.२०७६/०७७) को वार्षिक साधारण सभा संयुक्त रुपमा सञ्चालन गरिएको ।
- कोभिड १९ का कारण आ.व. २०७५/०७६ को वार्षिक साधारण सभा सञ्चालन हुन नसकेको अवस्थामा अवस्थामा कम्पनी ऐन २०६३ को दफा ११३ बमोजिम विभिन्न रजिष्टर्ड लेखापरीक्षकहरुबाट प्रस्ताव आह्वान गरी कम रकम प्रस्ताव गर्ने लेखापरीक्षक आर. सापकोटा एण्ड एशोसिएट्सलाई कम्पनी रजिष्ट्रारको कार्यालयबाट लेखापरीक्षक नियुक्त गरी कम्पनीको आ.व. २०७६/०७७ को लेखापरीक्षण गराइएको ।
- आयोजनामा हालसम्म भैरहेका कार्यहरुको सम्बन्धमा कम्पनीका Project Manager श्री रामहरि शर्माले Power Point Presentation मार्फत सभामा जानकारी गराउनु भएको ।
- आयोजनाको मुख्य संरचना निर्माणको लागि विगतमा Chongqing, China स्थित Chongqing Water Turbine Works (CWTW) ले आयोजनाको Civil, Hydro Mechanical, Electromechanical, Transmission Line सम्बन्धी सबै कामहरु EPC&F Model मा निर्माण गर्नको लागि निर्माण सम्झौता गरिएकोमा विविध प्राविधिक, आर्थिक तथा प्रशासनिक कठिनाइका कारण EPC (F) contractor लाइ पहिलो चरणमा पठाउन पर्ने US$44,00,211.00 (चौवालीस लाख दुइसय एघार अमेरिकन डलर मात्र) पुरै रकम पठाउन नसकिएको । (उक्त रकमको १.५ प्रतिशतले हुने टिडिएस कर तथा टोकन मनि बापत अमेरिकन डलर ५,००,०००/- (पाँच लाख अमेरिकन डलर मात्र) बराबरको रकम मात्र पठाइएको ।) २०१९ को डिसेम्बर महिनामा चीनबाट शुरु भएको कोरोना महामारीका कारण त्यस पछिका सम्पूर्ण क्रियाकलापहरु प्रायः शुन्य अवस्थामा पुगेको । कोरोना कहर कति समयसम्म लम्बिने यकिन हुन नसकेका कारण Contractor Site Mobilize हुने समय अनिश्चित देखिएको । आयोजनाको सम्झौता गर्दाको समयको तुलनामा असोचनीय रुपमा अमेरिकी डलरको Exchange Rate अप्रत्यासित रुपमा बढ्नुका साथै यो क्रम रही रहने हो कि भन्ने डर रहेको । लगायतका विविध कारणहरुले गर्दा उक्त कम्पनीसंग विभिन्न चरणमा पटक पटक छलफल गर्दै जाने क्रममा हाललाई उक्त कम्पनीको

Peoples Energy Limited Nepal

Scope बाट Civil Construction Works सम्बन्धी कार्यलाई घटाई नेपाली निर्माण कम्पनीद्वारा नै काम गराउने सम्बन्धमा विभिन्न चरणमा छलफल भएको ।

- कम्पनीको आ.व.२०७४ ०७५ को वार्षिक साधारण सभाले आवश्यक निर्णय गरी कार्यान्वयनमा लैजान सञ्चालक समितिलाई अख्तियारी दिए बमोजिम कम्पनीका कार्यकारी अध्यक्षलाई २०७५ साल श्रावण महिनादेखि लागू हुनेगरी एक वटा SUV. सवारी चालक र इन्धन तथा मासिक पारिश्रमिक वापत रु.३५०,००० - (अक्षरेपी तीन लाख पचास हजार रुपैयां मात्र) उपलब्ध गराउने गरिएको । विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसका कारण आयोजनाको काममा समेत असर परेको हुंदा २०७६ साल माघ महिनादेखि एक वर्षसम्म पारिश्रमिक नलिने घोषणा गर्नुभएको ।
- कम्पनीको आ.व.२०७४ ०७५ को वार्षिक साधारण सभाले अनुमोदन गरेको कम्पनीको **आर्थिक प्रशासन तथा कार्य सञ्चालन विनियमावली, २०७५ र कर्मचारी प्रशासन विनियमावली** २०७५ बमोजिम कम्पनीका सञ्चालक तथा अन्य व्यक्तिहरूलाई दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराउने गरिएको ।
- खिम्ती २ ज.वि.आ.को आयोजनाको संशोधित प्रस्तावित लागत विवरण सहितको विस्तृत वार्षिक वित्तीय विवरण सञ्चालक समितिको वार्षिक प्रतिवेदनमा संलग्न गरिएको ।

२। प्रस्ताव नं. (२) माथि छलफलको क्रममा कम्पनीको आ.व.२०७५।०७६ को वार्षिक साधारण सभा मिति २०७६।१२।१४ का दिन बोलाइएकोमा विश्वव्यापी रुपमा देखापरेको कोभिड - १९, कोरोनाको संक्रमणले गर्दा २०७६।१२।११ देखि नै देशभर लकडाउनको अवस्था आएकोले गर्दा उल्लेखित मितिमा सो आ.व.को वार्षिक साधारण सभा बस्न नसकेको कारणले गर्दा कम्पनीको आ.व.२०७६।०७७ को निमित्त लेखापरीक्षक समेत नियुक्ती हुन नसकेको अवस्थामा कम्पनी ऐन २०६३ को दफा ११३ बमोजिम कम्पनीको सञ्चालक समितिको अनुरोधमा आर. सापकोटा एण्ड एशोसिएट्सलाई कर बाहेक ले.प.शुल्क वापतरु.७५,००० - (अक्षरेपी पचहत्तर हजार रुपैयां मात्र) उपलब्ध गराउने गरि नियुक्ती गर्न कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भए अनुरुप नियुक्ती गरी लेखापरीक्षण गराइएकोले उक्त लेखापरीक्षक नियुक्ती सम्बन्धि निर्णयलाई समर्थन गर्ने निर्णय गरियो ।

३: प्रस्ताव नं. (३) माथि छलफल हुंदा, यस कम्पनीको आ.व.२०७५।०७६ र आ.व. २०७६ ०७७ को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात तथा नाफानोक्सानको हिसाब समेत स्वीकृतिको निमित्त कार्यकारी अध्यक्ष श्री कृष्ण प्रसाद आचार्यले सभामा प्रस्ताव पेश गर्नु भयो । सो प्रस्ताव उपर छलफलको क्रममा यस आ.व.मा कम्पनीले खिम्ती २ जलविद्युत आयोजानाको निर्माण इजाजत प्राप्त गरी परियोजना स्थल सम्म जानको निमित्त बाटो निर्माण, जग्गा खरिद कार्य, कर्मचारी आवास भवन, Construction Power निर्माण, खिम्ती खोला माथि पुल निर्माण लगायतका कार्यहरु अन्तिम चरणमा रहेको

Peoples Energy Limited
Nepal

आयोजनाको मुख्य संरचना निर्माणको काम समेत शुरु गर्न लागेको र कम्पनीले अन्य विभिन्न कम्पनी तथा आयोजनाहरुमा समेत लगानी गरेको सम्बन्धमा कम्पनीका कार्यकारी अध्यक्षले सभा समक्ष जानकारी गराउनु भयो । जलविद्युत उत्पादन सम्बन्धी उद्योगबाट विद्युत उत्पादन नहुँदासम्मका सबै खर्चहरु विविध शिर्षकका सम्पत्तिहरुमा नै राखिने भएको हुँदा आय विवरणमा शिर्षक प्रस्तुत नगरिएको व्यहोरा कार्यकारी अध्यक्षज्यूले सभालाई जानकारी गराउनु भए पछि उठेका प्रश्नहरुको पनि उहाँले सन्तोषप्रद उत्तर दिनु भएकोले प्रस्तुत आ.व.२०७५/०७६ र आ.व.२०७६/०७७ को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात स्वीकृत गरियो ।

४। प्रस्ताव नं. (४) माथि छलफल हुँदा, यस कम्पनीको आ.व. २०७७/०७८ को निमित्त लेखापरीक्षक नियुक्त गरी पारिश्रमिक तोक्ने सम्बन्धमा छलफल हुँदा तीनजना लेखापरीक्षकहरुबाट प्रस्ताव आएको न्यूनतम रकम प्रस्ताव गर्ने मध्य बानेश्वर काठमाडौं स्थित आर. सापकोटा एण्ड एशोसिएट्स, चार्टर्ड एकाउण्टेन्टसलाई आ.व. २०७७/०७८ को लेखापरीक्षक नियुक्त गर्ने र पारिश्रमिक रु.७५,०००।- दिने निर्णय गरियो ।

५। प्रस्ताव नं. (५) माथि छलफल हुँदा, कम्पनीका कार्यकारी अध्यक्षको तलब, भत्ता, सेवा सुविधा सहित सञ्चालक समितिले हालसम्म गरेका कार्यहरु तथा निर्णयहरुलाई अनुमोदन गरियो ।

६। प्रस्ताव नं. (६) माथि छलफल हुँदा, हाल कायम संचालकहरुको पदावधि समाप्त भैसकेकोले कम्पनीको नयाँ संचालक समिति गठन गर्ने सम्बन्धमा छलफल हुँदा यस कम्पनीको नियमावलीमा संस्थापकहरुबाट ७ जना, सर्वसाधारण शेयरधनीहरुबाट २ जना र विशेषज्ञहरुबाट २ जना गरी जम्मा ११ जना सम्मको संचालक समिति रहने व्यवस्था रहेको छ । हाल यस कम्पनीको शेयर सर्वसाधारणमा बिक्री भै नसकेकोले यो अवस्थामा सर्वसाधारण शेयरधनीहरुबाट संचालक मनोनयन हुने अवस्था विद्यमान नभएको हुँदा सर्वसाधारणबाट नियुक्त हुने संचालक पनि संस्थापकहरुबाट नै मनोनयन (नियुक्त) हुनु उपयुक्त देखिएकोले सर्व साधारणमा शेयर बिक्री भै सर्वसाधारणबाट संचालक निर्वाचन नभए सम्मको निमित्त हाललाई दुइ बर्षको कार्यकाल रहने गरी संस्थापकहरु मध्येबाट ९ जना र विशेषज्ञहरुबाट २ जना गरी ११ जनाको संचालक समितिको निर्वाचनका लागि अधिवक्ता श्री मणिराज आचार्यलाई निर्वाचन अधिकृत तोकी निर्वाचन सम्बन्धी कार्यक्रम सञ्चालन गरिएकोमा विशेषज्ञहरुको तर्फबाट मनोनयन हुने २ जना स्वतन्त्र सञ्चालकको खोजी गरी मनोनयन गर्न नवनिर्वाचित सञ्चालक समितिलाई अख्तियारी दिने र सर्व साधारणमा शेयर बिक्री भै सर्वसाधारणबाट संचालक निर्वाचन गर्न सक्ने अवस्था नभए सम्मको निमित्त बढीमा २ वर्ष कार्यकाल रहने गरी संस्थापक समूहबाट निर्विरोध रुपमा देहायका ९ जना शेयरधनीहरु संचालक पदमा निर्वाचित हुनुभएको व्यहोरा निर्वाचन अधिकृतले सभामा जानकारी गराउनु भयो । नवनिर्वाचित सञ्चालकहरु मध्येबाट एकजना कार्यकारी अध्यक्ष नवनिर्वाचित सञ्चालक समितिले नै चयन गर्ने अधिकार समेत दिइयो ।

**संस्थापक समूहको तर्फबाट नियुक्त संचालकहरु :**

(क) श्री कृष्ण प्रसाद आचार्य
(ख) श्री विन्ध्यवासिनि हाइड्रोपावर डेभेलपमेण्ट कम्पनी लि. को तर्फबाट २ जना:
श्री भरत बहादुर पाण्डे र श्री दिलसुन्दर श्रेष्ठ ...२ जना ।
(ग) श्री तेण्डेल इन्भेष्टमेण्ट प्रा.लि.को तर्फबाट श्री अनिल घिसिङ ... १ जना
(घ) श्री डाँफे इन्भेष्टमेण्ट प्रा.लि.को तर्फबाट श्री टङ्कलाल घिसिङ .... १ जना ।
(ङ) श्री सीड इन्फ्रा प्रा.लि.को तर्फबाट श्री सन्दिप आचार्य ... १ जना ।
(च) श्री देव बहादुर पौडेल .. १ जना
(छ) श्री अर्जुन कुमार कार्की ... १ जना
(ज) श्री कुन्ती कुमारी पाठक मैनाली .. महिला सदस्य

७: प्रस्ताव नं. ६ विविध माथि छलफल हुँदा:

क आजको संयुक्त सभाको निर्णय पुस्तिका (माइन्युट) मा दस्तखत गर्न कम्पनी सचिव, कार्यकारी अध्यक्ष सभापतिको अतिरिक्त संस्थापक शेयरधनीको तर्फबाट श्री विष्णुहरि शर्मा सुवेदीलाई मनोनयन गर्ने निर्णय गरियो ।

ख कम्पनी आयोजनाको आवश्यकता बमोजिम विभिन्न समिति उपसमिति गठन गर्ने आयोजना निर्माण सञ्चालनका लागि आवश्यक पर्ने सम्पूर्ण कार्यहरु गर्न गराउनका लागि नवगठित सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने निर्णय समेत गरियो ।

आजको सभा शान्त एवम् सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएकोमा उपस्थित सबैमा धन्यवाद दिँदै सभापतिज्यूले सभा विसर्जन गर्नु भयो ।

Peoples Energy Limited
Nepal